दर्ता नं. १७७६
जिल्ला प्रशासन कार्यालय मकवानपुर, हेटौँडा

स्थायी लेखा नं. ६०८८४८२३७

# आमाघर सेवा आश्रम
# Aama Ghar Sewa Ashram










'मातृशक्तिको सम्मानमा समर्पित'

057 414177, 9855060087, 9855068412

amagharsewaashram.com, amagharsewaashram info@aga.org.np, www.aga.org.np




## आमा

आमा पृथ्वी हुन् । आमा जननी हुन् र आमा संसार देखाउने आँखीझ्याल हुन् । संसारमा प्राणी सन्तती जो जति छन्, ती आमाको वात्सल्यबाट नै मौलाउँछन् । आमा धरती हुन् । घरमात्र होइन, संसारकै उज्यालो हुन् । उनका ममतामयी र न्यानो शब्दका उच्चारणहरूले नै तोतेबोली सिकाउँछन् । मायाप्रेम, डर, जीवन, सिकाउँछन् । आमा सृष्टिको खानी हुन् । उनले तोतेबोली सिकाउँछिन् । जिन्दगीका पहिला पाइलाहरू उनैले हिंड्न सिकाउँछिन् ।

आमाका बारेमा संसारमा धेरै लेखिएका छन् । जति लेखे पनि आमाको बारेमा कमै हुन्छ ।

तर संसारको सिर्जना गर्ने आमाहरूका लागि उनका सन्तानहरूले गर्ने आचार व्यवहारमा अनेकका घटना देखिन्छन् । उनै आमालाई हेला, दुर्व्यवहार, मायाप्रेम कम हुँदै गएका धेरै कथाहरू पनि हामी हाम्रो समाजमा सुनिरहेकै हुन्छौं । आमाहरूको महिमालाई सम्मान गर्दै मातृत्वप्रेमलाई केन्द्रमा राखेर 'आमाघर सेवा आश्रम' सञ्चालनमा ल्याएका छौं । मातृअस्मिता, स्वाभिमान, सरल र सामान्य जीवनयापनको अभ्यासमा सघाउने उद्देश्यले यो आश्रम सञ्चालनमा ल्याइएको हो ।

## 'आमाघर सेवा आश्रम' (मातृत्वप्रेम प्रवर्द्धन अभियान) किन?

'आमाघर सेवा आश्रम' आमाहरूको ममता र मातृत्वप्रेमका लागि एउटा सुरूवात हो । हामी पूर्व पश्चिम राजमार्गको मनहरी नदीको आसपासमा छौं । आमाहरूप्रतिको सेवा र उहाँहरूप्रतिको अगाध समर्पण बाँड्नका लागि यो अभियान एउटा सङ्कल्पको थालनी हो । विभिन्न समस्यामा परेका आमाहरूको सेवा गर्ने हेतुले यो आश्रम सञ्चालन भएको हो ।

- कुनै पनि कारणले मातृअस्मिता, स्वाभिमान र सामान्य मानिसको सरह जीवन बाँच्न नपाइरहेका लागि



- व्यस्तताको नाममा आफ्ना सन्तानको सामान्य हेरचाहबाट विमूख हुन परिरहेको अवस्था भोगिरहेका आमाहरूका लागि
- सकारात्मक, सात्विक एवम् आध्यात्मिक जीवनको वातावरणबाट वञ्चित हुने अवस्थामा उनको जीवनलाई सहज बनाउनका लागि
- स्वयम् आफ्ना लागि केही गर्न नसक्ने अवस्था देखिएमा, संरक्षण र पालनपोषण गरिदिनेहरूका लागि
- सामान्य अभिभावकत्वसमेत नपाई जीवन नै जोखिममा रहेका आमाहरूका लागि
- पूर्वीय दर्शनको मर्मलाई आत्मसात गर्दै मातृशक्ति नै सभ्यताका द्वार हुन् भन्ने मान्यतालाई प्रतिस्थापित गर्नका लागि
- लामो समयसम्म आध्यात्मिक जीवनशैली अपनाइसक्नु भएका मातृशक्तिको उत्तरार्धमा सामान्य वातावरण नपाएका आमाहरूको जीवनलाई वितृष्णा हुनबाट जोगाउनका लागि
- मातृशक्तिको महत्त्वलाई भावी सन्तानसम्म हस्तान्तरण गर्नका लागि

## हाम्रो चाहना :

**सबैका लागि गाँस, बास, कपास अनि जीवनप्रतिको आश**

हामी चाहन्छौं । सबैका लागि खान, लाउन र बस्न सजिलो वातावरण बनोस् । उहाँहरूले आफ्नो जीवनमा आशा, आत्मविश्वास र सपना देख्न सक्नोस् ।



## हाम्रो प्रतिबद्धता:

मातृत्वप्रेमप्रतिको आत्मसम्मानको प्रत्याभूति गर्ने र गराउने




### हाम्रो सपनाः

मातृत्वप्रेमको सहितको समाज निर्माण

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र सामाजिक र आध्यत्मिक क्षेत्रमा काम गर्ने एउटा अद्वितीय र विशेष पहिचान बोकेको संस्था हो । नेपालमा ५० वर्षभन्दा अघिदेखि नै यसका सेवाका कार्यहरू सञ्चालनमा छन् । सन् १९६६ मा देशको पूर्वीभाग विराटनगरबाट यसको सुरुवात भएको थियो । त्यसको पछिल्लो वर्ष काठमाडौंमा यसको केन्द्र सञ्चालनमा आएको थियो । हेटौंडामा २०४१ सालमा ब्रह्माकुमारी राजयोग केन्द्र सञ्चालनमा आएको थियो । एउटा बेग्लै सेवाभाव र आध्यात्मिक जागरणका क्षेत्रमा सेवा गर्दै आएको यस संस्थाका हाल देशका पूर्वदेखि पश्चिमसम्म १ हजारजति केन्द्रहरू सञ्चालनमा छन् ।

संसारभर यस अवधारणामा समाहित भएर हजारौं केन्द्रहरू सञ्चालनमा छन् ।

### हालसम्म भएका महत्त्वपूर्ण कार्यहरू

ब्रह्माकुमारी राजयोग केन्द्र मनहरीले आफ्नो एउटा महत्त्वपूर्ण क्रियाकलापका रूपमा 'आमाघर सेवा आश्रम' लाई लिएको छ । सेवाको अवधारणालाई समाजमा छर्ने र अनुभव लिने उद्देश्यले यसका क्रियाकलापहरू सञ्चालनमा छन् । 'आमाघर सेवा आश्रम' स्थानीय दाताहरूबाट उपलब्ध भएको भूमिदानबाट सम्भव भएको हो । स्थानीय गाउँपालिका र वडाबाट पनि यसका लागि महत्त्वपूर्ण योगदान भएको छ । यसबाट भएका क्रियाकलापहरू निम्न छन् :

- आध्यात्मिक जागरणका क्रममा ब्रह्माकुमारी अभियानलाई साथ र सहयोग दिनुभएका र भूमिदान समेत गर्नुहुने आमाहरू, ब्रहमाकुमारीज सेवाकेन्द्रमा समर्पित भाइबैनीका आमाहरू, 'आमाघर सेवा आश्रम' निर्माणमा जमिनदान



गर्नुहुने आमाहरूसमेत गरी जम्मा १ सय २१ जना आमाहरूलाई सामूहिकरूपमा भव्यताका साथ सम्मान भएको छ ।

- 'आमाघर सेवा आश्रम'ले हाल आफ्नै भवन निर्माण गरी २५ वटा कोठा, ३०० जना अट्ने सुविधासम्पन्न हल, ध्यानकक्ष, पुस्तकालय, म्युजियम, बैठक हल, शान्तिधाम, तपस्याधाम, बाबाको रूम आदिको सेवा सञ्चालनमा ल्याएको छ ।
- भवनको निर्माणपछि आवासीयरूपमा रहन–बस्न पर्ने आवश्यकता भएका नारीशक्तिलाई सेवा प्रदान गर्ने कार्यको शुभारम्भ भएको छ । पूर्णरूपमा भवन सञ्चालनमा ल्याउने आन्तरिक तयारी पनि चलिरहेको छ ।
- ब्रह्माकुमारीज अभियानमा पूर्णकालीन समर्पित दिदीजीहरू १ सय २१ जनालाई उच्च सम्मानको आयोजना भएको छ ।
- विभिन्न शीर्षकहरूको तालिम, प्रशिक्षण वा राजयोग तपस्या कार्यक्रम सम्पन्न भइरहेका छन् ।
- २१ जना ब्रह्माकुमारीज भाइ–बैनीहरूका लागि दुई साता लामो साधना कार्यक्रम सम्पन्न भएको छ ।
- देशका उच्चपदस्थ कर्मचारी, नेतागण, साधु–महात्मा, विभिन्न देशका राजपरिवारका सदस्यहरू, लोकप्रिय राष्ट्रियस्तरका कलाकारहरू, विदेशी पाहुनाहरूको अवलोकन भ्रमणहरू धमाधम भइरहेका छन् ।
- 'आमाघर सेवा आश्रम' को परिसरसँग जोडिएको ब्रह्माकुमारी राजयोग उप–सेवाकेन्द्र मनहरीद्वारा व्यवस्थापन गरिएको चारधाम निर्माण अन्तिम अवस्थामा रहेको छ । विशाल पोखरी तथा बालउद्यान समेत विस्तारको क्रममा रहेको छ । यसका कार्यहरू धमाधम भइरहेका छन् ।

## 'आमाघर सेवा आश्रम' कसरी सञ्चालन हुन्छ ?

एउटा परोपकारी संस्था भएकाले यसका क्रियाकलापहरू मूलतः व्यक्ति वा समूहबाट हुने दानबाट नै सञ्चालन हुन्छ ।

- देश–विदेशमा रहनुभएका परोपकारी, सहयोगी मनहरूबाट बिनासर्त प्राप्त हुने नगद वा जिन्सी योगदान हामी स्वीकार गर्दछौं ।
- व्यक्ति र समूहबाट प्राप्त हुने जिन्सी (खाद्यान्न, लत्ता–



कपडा, तरकारी, औषधि आदि) स-प्रेम योगदान हामी स्वीकार गर्दछौं ।

- मातृत्वप्रेमको भावनालाई प्रवर्द्धनका लागि सञ्चालन गर्ने सकारात्मक सोच, नेतृत्व विकास, खुसी एक कला, तनावमुक्त जीवन, राजयोग शिविरजस्ता कार्यक्रमहरूबाट सप्रेम प्राप्त हुने रकम हाम्रो नियमित स्रोत हो ।
- ब्रह्माकुमारीज अभियानमा सदिच्छा राख्नुहुने शुभचिन्तकहरूको स्वइच्छाको सेवा र योगदानबाट यसका क्रियाकलापहरू सञ्चालन हुन्छन् ।
- तिनै तहका सरकारहरूबाट प्राप्त हुने अनुदान रकम र अन्य सहयोग पनि हामी स्वीकार गरिरहेका छौं ।
- पितृहरूको पुण्यतिथि, संस्थाको वार्षिकोत्सव, पदोन्नति, पर्व, जन्मदिन वा मातृत्वप्रेमले गराउने भोजनसेवा, खाजासेवाका लागि सप्रेम प्राप्त हुने नगद वा जिन्सी योगदान हामी स्वीकार गर्दछौं ।
- व्यक्तिबाट प्राप्त हुने मुठ्ठीदान पनि हामी स्वीकार गर्दछौं ।


## अभियानमा कसरी सहयोगी बन्न सकिन्छ ?

यो एउटा अभियान हो । सबै अभियानहरू पहिले सानो नै हुन्छन् । आमाहरूप्रतिको सम्मानका लागि यो आमाघर एउटा सङ्कल्पको रूपमा सञ्चालनमा ल्याउने सोचाइमा हामी छौं । यसमा तपाईंका सहयोगी हातहरू हाम्रा लागि महत्त्वपूर्ण हुनेछन् । यसका लागि तपाईंले यसरी पनि मद्दत गर्न सक्नुहुनेछ :

- भोजनसेवा, नगद र जिन्सी सहयोग उपलब्ध गराउन सकिन्छ ।
- जन्मदिन, पूण्यतिथि, संस्थाको वार्षिकोत्सव, पदोन्नति, पर्वलगायत विभिन्न अवसर वा दिनहरूमा आफ्नो इच्छाअनुसार सहयोग उपलब्ध गराउन सकिन्छ ।
- 'एक आमा एक अभिभावक' अभियानअन्तर्गत एक आमाको मासिक रूपमा लाग्ने सेवा खर्च योगदान गरी सम्मानित अभिभावक बन्न सकिन्छ ।
- मासिक भान्छा सहयोगी सदस्यता ग्रहण गरी

आफ्नो इच्छा कटौती गरी मासिक रूपमा आफ्नो इच्छाअनुसारको नगद वा जिन्सी सामग्री सहयोग उपलब्ध गराउन सकिन्छ ।

- आश्रमको परिसरमा जोडिएको भूमि १ कठठा संस्थाको नाममा थप गरिएकाले भूमिदान सदस्यका लागि १५ वर्गफिट जमीनबापत् रू १५,५०० (अक्षरूपी पन्ध्रहजार पाँचसय) उपलब्ध गराउन सकिन्छ ।
- माता-पिताको स्मृतिमा अक्षयकोष श्रीवृद्धिका लागि स्वइच्छाले रकम जम्मा गर्न सकिनेछ तथा संस्थाको सम्मानित आजीवन सदस्यता ग्रहण गर्न सकिन्छ ।
- जेष्ठ नागरिक बुवा-आमाहरूका लागि औषधि, मेडिकल सामग्री र खाद्यान्न उपलब्ध गराएर सहयोग गर्न सकिन्छ ।
- आफ्ना संस्था, कार्यालय वा समूहमा विभिन्न प्रकृतिको चेतनामूलक तालिम गोष्ठी वा कार्यशाला गोष्ठी राखी प्रशिक्षकहरूको पारिश्रमिकलाई संस्थाको एकाउन्टमा जम्मा गरिदिन सकिन्छ ।



A/C No
0620100000210201
**Aama Ghar sewa Aasram**
**Citizens Bank**

अक्षय कोषका लागि
०६२०१०००००७८०२०१
सिटिजन्स बैङ्क, मनहरी शाखा

भान्छा सेवाका लागि
०६४००१००३१२३७४००००००१
आमाघर सेवा आश्रम
महालक्ष्मी विकास बैक लि., मनहरी शाखा

We Accept
fonepay
नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त

**AAMA GHAR SEWA AASRAM**
Terminal : 2222400010263788
Bank Branch : MANAHARI BRANCH



## भावी योजनाः

'आमाघर सेवा आश्रम'लाई अझ बढी नमूना र व्यवस्थित केन्द्र बनाउन हामी दृढ सङ्कल्पित छौं । यसका भावी योजना यस्ता छनः

- 'आमाघर सेवा आश्रम' एक रिट्रिट सेन्टरको परिकल्पनासमेत राखेर निर्माण गरिएकाले विद्यालय, कलेज, राजनेता, राष्ट्रसेवक, उद्योगपति, व्यापारी, राष्ट्रनिर्माणका मेरूदण्ड किसान, कर्मचारी तथा सङ्घसंस्थाको स्तरोन्नतिका लागि आवासीय रूपमा प्रशिक्षक, तालिम गोष्ठी सञ्चालन गर्ने ।
- ध्यान योग, मानसिक एकाग्रतासम्बन्धी अनुभवी आध्यात्मिक गुरू, प्रशिक्षक वा सहजकर्ताको सहयोगमा मौन साधना, राजयोग शिविर सञ्चालन गर्ने ।
- प्राकृतिक चिकित्साको प्रारम्भिक सेवा उपलब्ध गराउने ।
- समाजसेवासँग सहकार्य गर्दै निःशुल्क स्वास्थ्य शिविर, रक्तदान, मनोपरामर्श तथा विविध सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने ।
- थाहा पुस्तकालयलाई थप व्यवस्थित गर्ने, पठन संस्कृतिको विकास गर्ने ।
- मूल्यनिष्ठ शिक्षाका प्रारम्भिक कक्षाहरू सञ्चालन गर्ने ।
- आश्रम आश्रित बुबाआमाहरूका लागि सीपमूलक तालिम सञ्चालन गर्ने र आय आर्जनसँग जोड्ने ।
- आमाघरलाई सामाजिक पर्यटन क्षेत्रको रूपमा विकास गराई मानवता मातृत्व, परोपकार, सामाजिक विषयको अध्ययन तथा अवलोकनका लागि प्रभावकारी गन्तव्यको रूपमा विकास गराउने ।
- जेष्ठ नागरिक बुवा-आमाहरूको जीवन भोगाइलाई श्रव्य-दृश्यको माध्यममार्फत् कथाका रूपमा वृत्तचित्र निर्माण गरी प्रचारप्रसार गर्ने र सुन्दर समाज निर्माण गर्ने ।
- व्यवस्थित बाल उद्यान सञ्चालनमा ल्याउने ।

यी भावी योजनाहरूलाई मूर्तरूप दिन हाम्रा पाइलाहरू अघि सरिसकेका छन् । हाम्रा हातहरू अघि बढिसकेका छन् । यसमा यहाँहरूको पनि हात र साथको जरूरी हामीले ठानेका छौं । सेवा र सत्कर्ममा यहाँहरूको साथ र सहयोगका लागि हाम्रो आग्रह छ ।